# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८१।०३।०७

## भाग-२

**बनेपा नगरपालिका**

## बनेपा नगरपालिकाको रोजगार रणनिती-२०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०२।२७**
**प्रमाणिकरण मितिः २०८१।०३।०७**

# बनेपा नगरपालिकाको रोजगार रणनिती-२०८१

**कार्यपालिकाबाट स्वीकृत मिति:२०८१।०२।२७**

**खण्ड-१**

## रणनैतिक सन्दर्भ (Strategic Context)

१. **पृष्ठभूमि:**

नेपालको संवैधानिक र कानूनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन संघीय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरू रोजगार तर्फ केन्द्रित रहेका छन। आर्थिक वृद्धि र गरिवी न्यूनिकरणको आधारनै उत्पानदशिल रोजगारी रहेको छ । नागरिकलाई न्यूनतम रोजगारीको हकलाइ सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धि एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरि रोजगारीका राष्ट्रिय प्राथमिकता र दीर्घकालिन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारीको संवैधानिक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जूमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरिकको जीवनमा रूपान्तरण गर्न रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनिकरण गर्न बनेपा नगरपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । श्रोत साधनको समुचित र एकीकृत गरी यस नगरपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्युनतम रोजगारीका कार्यक्रम,उद्यमशीलता तालिम,व्यवसायिक शीप विकास, शीपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्ने छ ।

रोजगार नीति, २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पधी बनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिवी निवारणमा योगदान पुर्‍याउनु नीतिको दुरदृष्टि रहेको छ उक्त दुर दृष्टि



वमोजिम प्रमुख उद्देश्यहरू र बिषयवस्तुलाई आत्मसात गरि बनेपा नगरपालिकाले आगामी ५ वर्ष रोजगार रणनीतिले मार्गदशन गरेको हुने छ।

१. **कृषि क्षेत्रमा दीगो उत्पादनशिल रोजगारी:**

- सिंचाई, कृषि सामग्री,आधुनिक प्रविधि, मल र बजारीकरणमा समन्वय गरि न्युनतम रोजगारीको सुनिश्चत गर्न कृषिमा दीगो उत्पादनशील रोजगारीमा जोड दिइनेछ । यसका लागि नगरपालिकाको कृषियोग्य जमिनको उपयोग तौरतरिका, उत्पादन र बजारीकरणमा १०० दिनको रोजगारी प्राप्तिको बातारवरण तयार गरि श्रमिक समुह बनाइ १०० दिनमा उत्पादन गर्न सक्ने मौसमी तरकारी, प्रमुख अन्नबाली, नगदे बाली उत्पादन हुने क्षेत्र पहिचाहन गरि रोजगारी सृजनामा जोड दिइने छ ।

२. **व्यवसायिक शीप विकास र तालिम:**

- सबै इच्छुक नागरिकलाई आवश्यक व्यवसायिक शीपमा अभिबृद्धि गरि आन्तरिक रोजगारीको माग र आपूर्तिमा अन्तर सम्बन्ध कायम गरि आवश्यक पर्ने दक्ष जनशक्ति तयारी र उपयोग गरि आन्तरिक रोजगारी र बैदेशिक रोजगारी मार्फत नागरिकको जिवनस्तरमा सुधार आउनेछ ।
- अनौपचारिक क्षेत्रमा शीप सिकेकालाई शीपको पहिचान गरि शीप परिक्षणका लागि सम्बन्धित निकायसँग समन्वयन गरिने छ ।
- बजारको माग र जनशक्ति आपूर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने शीप विकासका कार्यक्रम संचालन ल्याइने छ ।

३. **निर्माण क्षेत्र:**

- पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइने छ ।
- सामुदायिक विकास आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न शीप विकास कार्यक्रम तर्जुमा गरिने छ ।
- स्थानीय पूर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरिने छ।

श्रम तथा रोजगारीका गतिविधिले बनेपा नगरपालिकाको सामाजिक र आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दीगो आर्थिक विकासमा

सघाउ र रोजगारीको सुनिश्चतताका साथै सामाजिक र आर्थिक विकासमा सहयोग पुग्ने,

- श्रमको सम्मान राष्ट्रको अभियान नारालाई जनस्तरमा सकारात्मक प्रचार गरि आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुने ।
- आन्तरिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार आउने।
- गाँउघरमै न्युनतम रोजगारी पाएमा जीवनयापन गर्न बिदेशमै जानुपर्ने अवस्थामा सुधार आउने ।
- बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त शीप उपलब्ध गराएमा बैदेशिक रोजगारीबाट राम्रो पारिश्रमिक पाउने हुँदा जिवनयापनमा सहजता आउने ।
- रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइने छ र उत्पादन भएका बस्तुको वजारीकरण, व्यवस्थापन थप रोजगारी सृर्जना गर्न विशेष पहल गरिने ।
- विकासका पूर्वाधारमा दक्ष र शीपमुलक जनशक्ति प्रयोग गर्दा दैनिकि ज्यालादरमा बृद्धि हुने हुँदा दैनिक जीवन यापनमा मदत पुग्ने ।
- विपन्न, न्यूनआय श्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकता रहि अवसर पाउने हुँदा सामाजिक रूपमा उच्च सम्मान हुने ।

### १.१ विधमान नीतीगत तथा कानुनी व्यवस्था:

- नेपालको संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ ।
- नेपालको संविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम



सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।

- नेपालको सविधानको धारा ५१ ९झ० मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक,आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, शीप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीतिमा राज्यले अशक्त अवस्थामा रहेका एकल महिलाहरूलाई शीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।
- रोजगारीको हक ऐन, २०७५ र रोजगारी हक नियमावली २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ रहेको छ ।
- राष्ट्रिय रोजगार नीति, २०७२ रहेको छ ।
- श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० रहेको छ ।
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना रहेको छ ।
- १५औं पञ्चवर्षिय योजना रहेको छ ।
- सरकारका विषयगत मन्त्रालयका विविध नीति तथा कार्यक्रम रहेको छ ।

## २. रोजगार रणनीतिको आवश्यकता र औचित्य:

बनेपा नगरपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरू सृजना

गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरू निर्माण, उत्पादन, यातायात, पर्यटन, उद्यमशीलता विकास र शीप तथा क्षमता विकास हुन उक्त क्षेत्रहरूमा के कति लगानी गर्दा वा के-कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरू अधिक रूपमा वृद्धि गर्न सकिन्छ । नगरपालिकाले के केस्तो रणनीति अपनाउँनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ । अदक्ष तथा शीप नभएका बेरोजगार युवाहरूलाई शीपमूलक तालिमको माध्यमबाट दक्ष एवं शीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरूमा आपूर्ति गरी औधोगिक उत्पादनमा बृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, शीप, स्रोत र साधनको अधिकतम परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरू सिर्जना गर्नु आवश्यक रहेको छ । त्यसै गरि नगरपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरूमा आवश्यक दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मेसन, स्काफोल्डर, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिक मजदुरहरू मध्ये अधिकांश भारतीय मुलुकका रहेका छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यी क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष, शीपयुक्त जनशक्ति तयार गरी बजारमा दक्ष जनशक्तिको आपूर्ति गरी भारतीय मुलुकका श्रमिक मजदुरहरूलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ ।

उद्यमशीलता उत्पादन र स्वरोजगारीको महत्वपूर्ण साधनको रूपमा रहेको छ । स्थानीय स्तरदेखि नै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ । बढ्दै गएको बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारहरूलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरूलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पूँजी र प्रविधिको उपलब्धताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पहुँच, व्यवसायिक शीप विकास तालिमहरू सञ्चालन गरी दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नु पर्छ वैदेशिक रोजगारीबाट प्राप्त शीप, पूँजी, प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरि नगरपालिकाभित्र



आन्तरिक रोजगारीका अवसरहरूमा वृद्धि गरी नगरपालिकाभित्रबाट बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरूत्साहित गर्दै जानुपर्दछ ।

स्थानीय तहले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरूको पहिचान गरी नक्सांकन गर्न जरूरी छ । पहिचान भएका क्षेत्रहरूमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ । श्रमिकहरूको ज्ञान, शीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने शीप वा दक्षताको अनुमान गरी माग र आपूर्ति बीच सन्तुलन कायम गर्नुपर्दछ । स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भव्यता, शीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ । रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरूको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरूको विकास गर्न सहयोग पुग्ने देखिन्छ । नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि विगत ४ वर्षदेखि कार्यान्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन तर स्थानीय तहमा श्रोत साधनलाई एकीकृत गरी परिचालन गरिएमा नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न मद्दत पुग्ने हुनाले रणनीति आवश्यक हुन पुगेको छ ।

**संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था:**

प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७५ मा ३० दिनको रोजगारी सहित ४० जना, २०७६ मा बढीमा १०० दिनको रोजगारी सहित ४२ जना, २०७७ मा बढीमा १०० दिनको रोजगार सहित १३० जना, २०७८ मा १५० जनालाई बढीमा १०० दिन र २०७९ मा ११५ जनालाई १०० दिनको न्युनतम रोजगारी सृजना गरिएको छ । यस नगरपालिका भित्र बाटो, फिल्ड, सिंचाई, कुलो, सामुदायिक विकासका पूर्वाधारमा रहेर रोजगारी सृजना गरिएको अवस्था छ । सिमित श्रोत साधन तथा संघीय सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौति रहेको छ । सबैलाई

रोजगारीमा संलग्न गराउन सकिएको छैन । रोजगारीका क्षेत्रमा आवश्यक श्रोत साधन प्रयोग गरी धेरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा हाल संचालनमा रहेको रोजगार, रोजगारीका कानूनी प्रावधानले तय गरेका दीर्घकालिन उद्देश्य पुरा गर्न नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रममा संलग्न गराई श्रम तथा रोजगार क्षेत्रका दीर्घकालिन सोच सहितको रणनीति तग गर्न आवश्यक देखिएको तथा तीन वटै तहबाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोग गर्न यो रणनीति योजना तयार गरिएको हो । प्रस्तुत सन्दर्भमा यस रणनीति योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ ।

- श्रम तथा रोजगार सम्बन्धि दीर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम बीच सामञ्जस्यता कायम गर्न,
- नगरपालिका भित्र मर्यादित रोजगारीको लागि उद्यमशीलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने,
- श्रोत साधनलाई रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशील र दिगो रोजगारीमा पहल गर्न,
- न्युनतम रोजगारीमा मार्फत पूर्वाधार विकास र उत्पादनशिल रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा शीपमुलक तालिम संचालन गर्न,

## ३. अध्ययनको पद्धतिः

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना, तथ्यां संकलन गर्न स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निर्धारण गरेका अनुसूचि २ र ३ मा प्रश्नावलीहरूलाई प्रयोग गरिएको छ साथै रणनीति निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा ५ सदस्यीय कार्यदल गठन गरी कार्यदललाई बनेपा नगरपालिकाभित्रको रोजगार अवस्था र सम्भावनाको अध्ययन विश्लेषण गरी मस्यौदा निर्माणको कार्य जिम्मेवारी प्राप्त भयो । कार्यदलले स्थलगत अध्ययन भ्रमण प्रश्नावली तथा अभिलेख अध्यन र बिश्लेषण गरी शुरुवाती



मस्यौदा निर्माण गरी बनेपा नगरपालिकामा पेश गरियो । रोजगार रणनीति तर्जूमा समितिले आवश्यक तथ्यांक संकलन गरेको छ । त्यसै गरि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार सचिवालय लगाएका निकायबाट प्राप्त जानकारीलाई सेकेन्डरी सूचनालाई गुणात्मक विधिमा आधारित भएर रणनीति योजना तयार गरिएको छ ।

## ४. क्षेत्रः

बनेपा नगरपालिकाको रोजगार रणनीतिले आन्तरिक रोजगारीको अवस्था, शीप विकास तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ । यस रोजगार रणनीतिका क्षेत्रहरू देहाए बमोजिम रहेका छन ।

- आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौति तथा समाधानका उपाय
- प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या चुनौती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशिल रोजगारीको सम्भाव्याताको खोजि तथा प्रवर्द्धन
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परार्मश तथा सहजीकरण
- शीपयुक्त जनशक्ति तयार गर्न शीप विकास तालिम

## ५. सीमाः

बनेपा नगरपालिकाका १४ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिएको छ । यसमा बनेपा नगरपालिकाको सामाजिक,आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीका सृर्जना हुन सक्ने क्षेत्र, शीपयुक्त जनशक्ति तयार सम्बन्धी सीमा रहेका छन ।

## खण्ड - २
## वर्तमान अवस्थाको विश्लेषण
## (Current Situation Analysis)

### २.१ रोजगारीको वर्तमान अवस्थाको विश्लेषण:

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११. प्रतिशत रहेको छ भने पुरुष र महिलाको बेरोजगारी दर क्रमशः १०.३ १३.१ प्रतिशत रहेको छ । यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रम १०.९ प्रतिशत बेरोजगारी रहेको छ । नेपालको श्रमशक्ति सहभागिता द ३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रम ३२.९ प्रतिशत रहेको छ । यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ । बेरोजगारी दरलाई प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत रहेको छ । प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ । अनौपचारिक तथा असंगठित क्षेत्रमा ६२.२ प्रतिशत व्यक्तिहरू दैनिक ज्यालादारी मजदुरी तथा श्रमिकको रूपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा पुरुष जनसंख्या ३३,१७२ (४९.० प्रतिशत) र महिला जनसंख्या ३४,५१८ (५१.० प्रतिशत) गरी कुल जनसंख्या ६७,६९० रहेका छन् । यस नगरपालिकामा १० वर्ष र सो भन्दा माथिका व्यक्तिहरूको कुल जनसंख्या ५७,९१२ मध्ये आर्थिक रूपमा सक्रिय जनसंख्या ३८,३५४९६६.२ प्रतिशत रहेको छ भने आर्थिक रूपमा निस्क्रिय व्यक्तिको जनसंख्या १९,४९७ (३३.७ प्रतिशत) रहेको छ । १० वर्ष र सो भन्दामाथिका उमेर समूहका ३८,३५४ जना आर्थिक रूपमा सक्रिय व्यक्तिहरू मध्ये अक्सर आर्थिक रूपमा सक्रिय जनसंख्या ३०,४७४ (७९.५ प्रतिशत) र निस्क्रिय रहेको जनसंख्या ७,८८० (२०.५ प्रतिशत) रहेका छन् ।



१० वर्ष वा सोभन्दा बढी उमेरका ३०,४७४ जना आर्थिक रूपले सक्रिय व्यक्तिहरू मध्ये २९,०७१ जना (९५.४ प्रतिशत) रोजगार र १,४०३ जना (४.६ प्रतिशत) बेरोजगार रहेका छन् ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दीगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ । पन्ध्रौ योजनाले आ.व. २०८०/०८१ सम्ममा श्रमशक्ति सहभागिता दर ४९ प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । त्यस्तै आ.व. २०८०/०८१ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र वि.सं. २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी दर ११.४ प्रतिशतलाई वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने सरकारको दीर्घकालीन लक्ष्य रहेको छ ।

### २.२ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलब्धि:

अवसर

- नगरभित्र आर्थिक गतिविधि बढ्न गई युवाहरूलाई उद्योग व्यवसाय गर्ने बातावरण सृजना हुने ।
- परिणात्म र गुणात्मक रोजगारी सृजना हुने ।
- आन्तरिक रोजगारीमा विश्वसिलो दीगो माग र आपुर्तिमा प्रणालीको विकास हुने ।
- न्यूनतम रोजगारीमा अहिले चुनौतीलाई दीगो रोजगारीका अवसरमा रूपान्तरण हुने ।
- युवाहरूलाई कृषि, पशुपालन र जडिबुट्टि सम्बन्धि कार्यमा संलग्न हुने ।

उपलब्धि

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुनेछ ।
- शीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ ।
- श्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित भएको हुनेछ ।

- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउन सहयोग पुग्ने छ ।
- बेरोजगार युवाहरू आय आर्जनमा केन्द्रित भएका हुनेछन्।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भई कार्यान्वन भएको हुनेछ।
- बैदेशिक रोजगारीलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा तथा अन्य सेवा संचालनमा विश्वसनीयता बढेको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने छ ।
- दीगो र उत्पादनशील रोजगारिका क्षेत्रमा पूर्वाधार निर्माण भएको हुनेछ ।
- दीगो रोजगारीका लागि उद्यमशीलताका नयाँ क्षेत्र पहिचान भई वार्षिक दीगो रोजगारीमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तीन तहको रोजगारीका कार्यक्रमलाई एकीकृत गराउन सहयोग पुग्नेछ ।



## खण्ड-३

## रणनीतिक विश्लेषण (Strategic Analysis)

### ३.१ रणनीतिक विश्लेषण

नगरपालिका क्षेत्र भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरि बढ्दो बेरोजगारी र गरिबीलाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ । संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशिल रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, शीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधारमा मात्र न्युनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौं बेरोजगार नागरिक बैदेशिक रोजगारीमा गई रहेको बर्तमान चुनौतीलाई आत्मसाथ गरी आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाई गाउँमै बस्ने बातावरण तय गर्न यस रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- शीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकीकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।

## खण्ड-४

## रणनीतिक सवालहरू (Strategic Issues)

### ४.१ रोजगार रणनीतिका सवालहरु:

रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, शीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योग धन्दाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, शीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, काम प्रति सम्मानको कमी हुनु, श्रम, शीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रूपमा सृजना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरूको पहिचान एवं सूचिकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरू रहेका छन् । रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु, नगरपालिकामा रहेका रोजगारीका अवसरहरूको पहिचान तथा नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको शीपमूलक दक्ष जनशक्ति तयार गर्नु, रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरूको नक्सांकन गर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमूलक बनाई उद्यमशीलता विकास गर्नु आदि रोजगारीका मुख्य चुनौतीहरूको रहेको छ।

श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रूपमा स्थापित हुनु, श्रम तथा रोजगारमैत्री कानूनहरू निर्माण हुनु, रोजगार सेवा केन्द्रको स्थापना हुनु, श्रम तथा रोजगारी सम्बन्धी सेवाहरू स्थानीय तहसम्म विस्तार हुदै जानु, न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु, रोजगारीका सम्भावित अवसरहरूको पहिचान गर्नु, न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु, युवाहरूमा उद्यमशील भावनाको विकास हुदै जानु, आर्थिक गतिविधिहरूमा बढोत्तरी हुनु, लगानीमैत्री वातावरणको अवस्था तयार हुदै जानु, प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जानु, जनसांख्यिक लाभको अवस्था अझै केहि वर्ष कायमै रहनु आदि रहेका छन् ।



## खण्ड-५

## दूरदृष्टि, लक्ष्य र उदेश्य (Long –Term Vision, Mission, Objectives)

### ५.१ दूरदृष्टि, लक्ष्य र उद्देश्य ( Long –Term Vision, Mission, Objectives)

सोचः "समृद्ध नगर, कृषि, उद्योग, पशुपालन, पर्यटन र विकासका पुर्वाधारमा रोजगार" रणनीतिक योजनाको दीर्घकालिन सोच हुनेछ ।

लक्ष्यः सूचिकृत बेरोजगारलाई रोजगारीको प्रत्याभुति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेको छ ।

उद्देश्यः नगरपालिकाको रोजगार रणनीति तर्जूमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउँदै नगरपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन ।

१. विकासका पूर्वाधारमा, कृषिको उत्पादन, जडिबुटीको तथा बन पैदावरको संकलन, प्रशोधन बजारीकरण,उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफुल खेति मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।
२. बजारको आवश्यकता र मागका आधारमा शीपको पहिचान र उत्पादन गर्न शीपयुक्त जनशक्तिको उपयोग गर्नु।
३. बैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरूलाई आवश्यक पर्ने शीप, अभिमुखिकरण, परामर्श दिई दक्ष, प्रतिस्पधी, सूरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशी क्षेत्रमा उपयोग गर्नु ।
४. रोजगारमुलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउनु ।

**नगरपालिकाका प्राथमिकताहरु:**

१. आन्तरिक, दीगो तथा उत्पादनशील रोजगारीमा जोड ।
२. शीपमूलक तालिममा जोड ।
३. कृषि, वन पैदावरमा आधारित रोजगारी सिर्जना ।
४. जडिबुटि,उद्योग, पर्यटन, खानी, उद्यमशिलतामा जोड ।
५. विकासका पुर्वाधारमा जोड ।
६. बैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उत्पादनशील क्षेत्रमा संलग्न गराउने ।
७. बैदेशिक रोजगारीमा जान चाहने युवालाई परार्मश र अभिमुखिकरण गराउने ।

## खण्ड-६

## रणनैतिक लक्ष्यहरु (Strategies Goals)

### रणनीतिक लक्ष्यहरु ( Strategies Goals)

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- शीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकीकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्ति गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परार्मश सेवा संचालन गर्नु ।
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- कृषि, बनपैदावर, उद्योग, तरकारी, फलफुल खेति, मशला बाली, जडिबुटी मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।

### उद्देश्यहरु:

- उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरूमा वृद्धि गर्नु,
- न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु,
- दक्ष, शीपयुक्त, क्षमतावान र प्रतिस्पधी जनशक्ति तयार गरी उद्यमशीलताको विकास तथा प्रवर्द्धन गर्नु,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउनु,
- आप्रवासीहरूको सामाजिक एवं आर्थिक रूपमा पुनः एकीकरण गर्नु,
- रोजगार मैत्री लगानीलाई प्रोत्साहन गर्नु ।



### रणनीतिको औचित्य:

यस रणनीतिको औचित्य देहाय अनुसार रहेको छ ।

- आन्तरिक रोजगारीका सम्भावित अवसरहरूको पहिचान गरी रोजगारी सिर्जनामा नवीनतम उपायहरूको विकास मार्फत संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न,
- श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, शीपयुक्त र प्रतिस्पधी श्रमशक्ति तयार गर्न,
- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- आन्तरिक र वैदेशिक रोजगार सम्बन्धी अभिमूखीकरण, सूचना प्रवाह र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्न,
- वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमा सहजिकरण गरी सुरक्षित आप्रवासन सम्बन्धी सेवा प्रवाह गर्न,
- वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, शीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाई उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्न,

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगारी तथा श्रम सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, पन्ध्रौ योजना, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, दिगो विकासका लक्ष्य, नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तराष्ट्रिय सम्झौता एवं प्रतिबद्धता, एकीकृत श्रम तथा रोजगार सेवा कार्यविधि ,बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना, नीति तथा कार्यक्रम, नगरपालिकाको स्थानीय नीति, योजना तथा प्रतिबद्धताहरूलाई रणनीतिक योजना तर्जुमाको आधार मानेको छ ।

## खण्ड-७

# रणनीतिक स्तम्भर प्रमुख रणनीतिहरू (Major Strategies)

### ७.१ रणनीतिक स्तम्भ

रणनीतिक योजनाको सोच लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरू तय गरिएको छ ।

स्तम्भ-१: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भ-२: बेरोजगारलाई शीप, रोजगारदातालाई शीपयुक्त जनशक्ति ।

स्तम्भ-३: बैदेशिक रोजगारलाई उपलब्धिमूलक बनाउने र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

स्तम्भ-४: रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री ।

### ७.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने शीप सिकाउने र प्रयोग गर्ने। । | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडि श्रमिकलाई आवश्यक पर्ने कला, शीप, तरिका, विधि सम्बन्धमा आवश्यक परामर्श र शीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । |
| १.२ दीगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाद्यन्न बाली, मशला बाली, तरकारी पकेट, फलफुल खेती क्षेत्रको जमिनको छनौट, परीक्षण गरी उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्यन गरी नगरभित्र रोजगारीका अवसरको खोजी गरिनेछ । |



| रणनीतिक स्तम्भ- २: बेरोजगारलाई शीप, रोजगारदातालाई शीपयुक्त जनशक्ति | |
|---|---|
| २.१ जीवनउपयोगी शीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उद्यमशील शीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । |
| २.२ युवाहरुलाई शीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने । | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिई दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ नगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । |
| स्तम्भ- नं. ३ बैदेशिक रोजगारलाई उपलब्धिमूलक बनाउने र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |
| ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने शीपको आँकलन गरि छोटो अवधिका शीप सिकाउनका लागि पहल गरिनेछ । |
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव शीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव शीप, ज्ञान र प्रविधिलाई अभिलेखीकरण गरी उत्पादनशिल रोजगार तथा शीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने । |
| स्तम्भ- नं. ४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | ४.१.२ शीप विकास, सहुलियतापूर्ण कर्जा, वित्तीय साक्षरता, उद्यमशीलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकीकृत अभिलेख राखिनेछ ।<br>४.१.३ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । |

## खण्ड- ८

# पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan)

### बनेपा नगरपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

**स्तम्भ नं. १**

**आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने।**

रणनीति १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने शीप सिकाउने र प्रयोग गर्ने।

कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, शीप, तरिका, विधि सम्बन्धमा आवश्यक परार्मश र शीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ।

| क्र.सं | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयवधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रोजगार सेवा केन्द्र | प्राविधिक शाखा योजना शाखा | ४ महिना भित्र | आयोजना छनौट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिकको क्षमता हेरेर परार्मश र शीप सिकाउने | रोजगार सेवा केन्द्र प्राविधिक शाखा | योजना शाखा, शिक्षा शाखा | बढीमा ७ दिन | मर्यादित कामको गुणस्तर देखिने | |

रणनीति १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने।

कार्यनीति १.२.१ उत्पादन हुने खाद्यन्न बाली, मशला बाली र तरकारी पकेट क्षेत्रको जमिनको परीक्षण गरी उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेतिको र जमिन छनौट गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा | १५ दिन | जमिनको छनौट भएको | |
| १.२.१.२ | उत्पादनशिल रोजगारीको ढाँचाका लागि जमिन मालिक र श्रमिकवीच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा , श्रमिक समूह जमिन मालिक | ७ दिन | जमिन मालिक र श्रमिक बीच समजझदारी कायम भएको | |
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरि फलफुल, जडिबुटी खेतीको पहल गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा ,श्रमिक समूह जमिन मालिक | १० दिन | उत्पादन हुने फलफुल खेतीको | |
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा ,श्रमिक समूह , बजार व्यवस्थापक | १५ दिन | उत्पादन भएका बस्तु बजारमा गएको हुने छ। | |
| १.२.१.५ | सूचिकृत बेरोगारलाई पशुपालन र माछा पालन सेवामा आवद्ध हुने बातावरण तयार गर्न आवश्यक पहल गर्ने। | रोजगार सेवा केन्द्र पशुशाखा | कृषि शाखा ,श्रमिक समूह , बजार व्यवस्थपक | ३० दिन | दुध र मासुको व्यापार भएको हुने | |

**स्तम्भ नं. २**

**बेरोजगारलाई शीप, रोजगारदातालाई शीपयुक्त जनशक्ति**

रणनीति २.१ जीवनउपयोगी शीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने।

कार्यनीति २.१.१ लघु उद्यमशिल शीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरी उद्यमशिलका कार्यक्रम संचालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला सबै | १५ दिन | उद्यमशिल तालिम प्राप्त संख्या तयार | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.१.२ | उद्यमशीलता कार्यक्रमबाट उत्पादित वस्तुको बजारीकरण गर्ने। | रोजगार सेवा केन्द्र | सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई शीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिई दक्ष बनाउने। | | | | | | |
| २.२.२ | रोजगार आयोजनामा संलग्न श्रमिकको अनुभव र शीपको अभिलेख राख्ने। | रोजगार सेवा केन्द्र | तालिम प्रदायक निकाय | ३० दिन | शीप र अनुभव अभिलेख बाट संख्या | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने। | | | | | | |
| कार्यनीति २.३.१ नगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी ठेकेदार होटल व्यवसायी सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने। | | | | | | |
| २.३.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारिश्रमिक दिई रोजगार दिएका रोजगारदाता र श्रमिको अभिलेख राख्ने र रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धि सूचनाको आँकलन गर्ने। | रोजगार सेवा केन्द्र | सरोकारवाला सबै | १५ दिन | रोजगार दाताको विवरण प्राप्त | |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने। श्रमिक र शीपको अभिलेख तयार गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र शीपको विवरण प्राप्त | |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तम्भ नं. ३<br>बैदेशिक रोजगारलाई उपलब्धिमूलक बनाउने र फर्केका व्यक्तिको अनुभवको उपयोग | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने। | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने व्यक्तिलाई आवश्यक पर्ने शीपको आँकलन गरी छोटो अवधिका शीप सिकाउनका लागि पहल गरिनेछ। | | | | | | |
| ३.१.१.१ | शीपको आधार तयार गरी बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने। | रोजगार सेवा केन्द्र | शिक्षा शाखा, तालिम प्रदायक निकाय | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परामर्श र अभिमुखिकरण गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा शाखा, तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाका बारेमा जानकार भएको | |
| रणनीति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव शीप ज्ञान प्रविधिको सदुपयोग गर्ने। | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव शीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशिल रोजगार तथा शीपका नयाँ क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने। | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको विवरण तयार अद्यावधिक गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा शाखा | १५ दिन | बैदेशिक रोजगारीबाट फर्केका विवरण प्राप्त हुने | |
| स्तम्भ नं. - ४<br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ शीप विकास, सहुलियतापूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परार्मश सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखिनेछ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१.२.३ | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उलब्धि गराउने । | रोजगार सेवा केन्द्र | निजी क्षेत्र | २ महिना | एकीकृत सेवा पाएका हुने | |
| ४.१.२.४ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रोजगार सेवा केन्द्र | सरोकार वाला निकाय सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | |



## खण्ड -९

## श्रोत परिचालन र बजेट व्यवस्थापन

## (Resource Mobilizations and Budget management)

यस नगरपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जूमा गर्दा रणनीति योजनामा आधारित भई तर्जूमा गरिनेछ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमितरुपमा प्रस्ताव गरिनेछ । आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | १० लाख | २० लाख | ३० लाख | ४० लाख | ५० लाख |
| रणनीतिक स्तम्भ-२: बेरोजगारलाई शीप, रोजगारदातालाई शीपयुक्त जनशक्ति | १० लाख | २० लाख | ३० लाख | ४० लाख | ५० लाख |
| स्तम्भ- नं. ३ बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | १० लाख | २० लाख | ३० लाख | ४० लाख | ५० लाख |

## खण्ड-१०

## रणनीति योजनाको अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

१०.१ स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा नगर कार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्बद्ध सरोकारवालाहरूसंगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरू समेटिएको प्रतिवेदन नगर कार्यपालिकालाई पेश गर्नु पर्नेछ । रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरूमा रोजगारीका अवसरहरूमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेश्रो पक्षबाट रणनीतिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सकिनेछ।

**१०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकार:**

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरूप आवश्यक बजेट बिनियोजनका लागि नगरसभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरूको पहिचान गर्ने र कार्यान्वयन गर्ने ।

(ग) बेरोजगारको समस्यालाई दीगो वा दीर्घकालीन रूपमा समाधान गर्न रोजगारी रणनीति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व वार्षिक समीक्षा तथा मूल्याङ्न गरि आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा शीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने ।



## खण्ड-११

## जोखिम व्यवस्थापन (Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम देहाय बमोजिम पहिचान गरिएको छ ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजीक्षेत्रबिच प्रभावकारी समन्वय

ग) रोजगार सम्बन्धी स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

ङ) सरोकारवालाहरू निकायको दृष्टिकोण

च) संघ, प्रदेश र स्थानीय तहमा समन्वय

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**